जसले जुमा (शुक्रबार) को दिन 'जनाबत' (सम्भोग पछि गरिने स्नान) जस्तै स्नान गर्छ र त्यसपछि पहिलो प्रहरमा मस्जिद जान्छ, उसले एउटा ऊँट दान गरे सरह पुण्य प्राप्त गर्छ

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जसले जुमा (शुक्रबार) को दिन 'जनाबत' (सम्भोग पछि गरिने स्नान) जस्तै
स्नान गर्छ र त्यसपछि पहिलो प्रहरमा मस्जिद जान्छ, उसले एउटा ऊँट दान गरे सरह पुण्य प्राप्त गर्छ। जो दोस्रो प्रहरमा जान्छ, उसले एउटा गाई दान गरेसरह हुन्छ। जो तेस्रो प्रहरमा जान्छ, उसले एउटा (सिङ भएको) भेडा दान गरेसरह हुन्छ। जो चौथो प्रहरमा जान्छ, उसले एउटा कुखुरा दान गरेसरह हुन्छ। र जो पाँचौं प्रहरमा जान्छ, उसले एउटा अण्डा दान गरेसरह हुन्छ। तर जब इमाम (खुत्बाका लागि) उभिनुहुन्छ, तब फरिश्ताहरू (पुण्य लेख्ने कार्य छाडी) उपदेश सुन्न उपस्थित हुन्छन्।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जुमाको नमाज लागि चाँडै जाने सद्गुणबारे बताउनुभएको छ । जुमाको लागि प्रारम्भिक आगमन सूर्योदयदेखि लिएर इमामको आगमनसम्म हुन्छ; र यो पाँच घडी हुन्छ । सूर्योदयदेखि लिएर इमामले खुत्बा (उपदेश) को लागि मिम्बर (मंच) मा चढ्नेसम्मको समयलाई पाँच भागमा विभाजित गरिएको छ : पहिलो: जसले जनाबत (यौनसम्बन्ध पछि गरीने स्नान) जस्तै पूर्ण स्नान गर्छ र त्यसपछि पहिलो प्रहरमा मस्जिदतर्फ जान्छ, उसले एउटा ऊँट दान गरे सरह पुण्य प्राप्त गर्छ । दोस्रो: जो दोस्रो प्रहरमा जान्छ, उसले दानमा गाई दिए जस्तै हुन्छ । तेस्रो: जो तेस्रो प्रहरमा जान्छ, उसले एउटा (सिङ भएको भाले) भेडा दान गरेसरह हुन्छ । चौथो: जो चौथो प्रहरमा जान्छ, उसले दानमा कुखुरा दिए सरह पुण्य प्राप्त गर्छ। पाँचौं: जो पाँचौं प्रहरमा जान्छ, उसले दानमा अण्डा दिए जस्तै मानिन्छ । जब इमाम खुत्बा (उपदेश) दिन आउनु हुन्छ; ढोकामा बसेका स्वर्गदूतहरूले मस्जिदमा आउनेहरूलाई क्रमशः लेख्ने कार्य छोडेर जिक्र र खुत्बा सुन्न थाल्छन् ।

http://www.sunnah.global/hadeeth/ne/show/5393